# लिम्बु र नेपाली भाषाको वाक्यसङ्गतिको तुलना

अनन्त गिरी

परीक्षा क्रमाङ्क : २०४०१६७/२०६७

त्रि. वि. दर्ता नं. : ३७९८१- ९०

क्याम्पस रोल नं. : २६

नेपाली शिक्षामा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत

शोधपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

कनकाई बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

सुरूङ्गा, झापा

सन् २०१६

## प्रतिवद्धता - पत्र

प्रस्तुत ***लिम्बु र नेपाली भाषाको वाक्यसङ्गतिको तुलना*** शीर्षकको शोधपत्र मैले सम्बन्धित विषयवस्तुमा गहन अध्ययन गरी तयार पारेको हुँ । यसमा आएका तथ्य सबै प्रामाणिक हुन् । लिम्वु मातृभाषी वक्ताहरुको सामिप्यमा रहेर तयार पारिएको यो मेरो मौलिक प्रस्तुति हो । अन्यथा भएमा म कानुन अनुसार दण्डित हुन तयार छु ।

मिति :

..........................................

अनन्त गिरी

एम. एड. दोस्रो वर्ष, नेपाली

परीक्षा रोल नं. : २०४०१६७/२०६७

त्रि. वि. दर्ता नं. : ३७९८१- ९०

क्याक्पस रोल नं. : २६

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय कनकाई बहुमुखी क्याम्पस सुरूङ्गा, झापा नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा विषय नेपा शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत "लिम्वु र नेपाली भाषाको वाक्यसङ्गतिको तुलना" शीर्षकको शोधपत्र शोधार्थी श्री अनन्त गिरीले मेरो निर्देशनमा तयार पार्नु भएको हो । यस शोधकार्यसगँ म पूर्ण सन्तुष्ट छु। उहाँको अथक परिश्रम र लगनशीलताका साथ तयार पार्नुभएको प्रस्तुत शोधपत्र समय सापेक्ष र मौलिक भएकोले यसको आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

सन् : २०१६/०७/२५

मिति : २०७३/०४/१०

शेरबहादुर बानिया

उपप्राध्यापक नेपाली भाषा शिक्षा विभाग

कनकाई बहुमुखी क्याम्पस

सुरूङ्गा, झापा

# कृतज्ञताज्ञापन

लिम्वु र नेपाली भाषाको वाक्यसङ्गतिको तुलना शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस सुरूङ्गा, झापाको नेपाली शिक्षा विभाग अन्तर्गत एम. एड. दोस्रो वर्ष नेपा. शि. ५९८ को प्रयोजनका लागि आदरणीय गुरू उपप्राध्यापक शेरबहादुर बानियाज्यूको निर्देशनमा तयार गरेको हुँ । आफ्नो कार्यब्यस्तताका वीच रहेर पनि मलाई यो शोधपत्र तयारीका सन्दर्भमा निर्देशन तथा विविध सल्लाह प्रदान गर्नु हुने श्रद्धेय गुरूप्रति म आभार व्यक्त गर्दछु ।

उक्त शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख उपप्रध्यापक विष्णुप्रसाद कोइरालाज्यू तथा शिक्षाशास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस सुरूङ्गा, झापा प्रति म कृतज्ञ छु । त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यलय, कीर्तिपुरबाट प्रतिनिधिको रूपमा प्राध्यापक श्री दुर्गा प्रसाद दाहाल ज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । क्याम्पस भर्ना भएदेखि यो शोधपत्र तयारी गर्ने समयसम्म निरन्तर रूपमा अमूल्य सुझाव एवंम सहयोग गर्नुहुने आदरणीय नासु. (हेड असिस्टेण्ट) हरिप्रसाद ढकालज्यू र अन्य गुरूहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । शोधपत्र तयारीका क्रममा सामग्री सङ्कलनमा सहयोग गर्नुहुने राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय इलाम अन्तर्गत फिक्कल - पशुपति क्षेत्रमा कार्यरत भाई नरेन्द्र नेम्वाङ र बुहारी मुना लावती (नेम्वाङ) प्रति आभार व्यक्त गर्नु मैले आफ्नो कर्तव्य ठानेको छु ।

सामग्री सङ्कनकै क्रममा सहयोग गर्नुहुने फिक्कल उ.मा.वि.का शिक्षक भाइ किरण नेपाल, करफोक वि.म.उ.मा.विकी शिक्षिका होममाया लेप्चा गुरूमा र मेरा आदरणीय गुरू शेरबहादुर वानियाज्यूको नाम फेरि दोहोऱ्याउन चाहन्छु । मेरो अध्ययनमा प्रमुख प्रेरणाका स्रोत मेरा स्वर्गीय पिता खडानन्द गिरी र स्वर्गीय माता नर्वदा गिरीनै हुनुहुन्छ किनभने वहाँहरूको सदिच्छा पूरा गर्नकै लागि मैले अध्ययन निरन्तर गर्नुपरेको हो । मेरो यसैकार्यबाट मेरा स्वर्गीय माता पिताको आत्माले शान्ति पाऊन् भनि श्री पशुपतिनाथसँग प्रार्थना गर्दछु । मलाई अक्षर चिनाउने कार्यको शुभारम्भ गराउने मेरा आदरणीय गुरू पूर्णप्रसाद गिरी, मेरी जेठी भाउँजू देवीमाया गिरी र स्वर्गीय दाजू यामनाथ गिरीप्रति सम्मान व्यक्त गर्न चाहन्छु । मेरो अध्ययनमा अविरल प्रेम, स्नेह, प्रेरणा र अवसर दिएर सहयोग गर्ने मेरी जीवनसंगिनी टीका गिरी, छोरी अनामिका गिरी र छोरा अनमोल गिरी लगायत परिवारका सम्पूर्ण सदस्यहरूप्रति चिरऋणी छु । यस शोधपत्रलाई टङ्कन् गरी सहयोग गर्नुहुने भाइ श्री विराज सापकोटाप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कन्कालागि सविनय अनुरोध सहित त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस, सुरूङ्गा, झापा समक्ष पेश गर्दछु ।



शोधार्थी
अनन्त गिरी
एम. एड. दोस्रो वर्ष (नेपाली)
परीक्षा रोल नं.- २०४०१६७/२०६७
त्रि.वि.द.न. -३७९८१-९०
क्याम्पस रोल नं. - २६

# शोधासार


पृष्ठ सङ्ख्या : ३१

अध्याय - पाँच

प्रस्तुत लिम्वु र नेपाली भाषाको वाक्यसङ्गतिको तुलना शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्रासंङ्काय नेपाली शिक्षा विभाग एम. एड. (ने.पा.शि. ५९८) पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको हो । लिम्वु र नेपाली भाषाको वाक्यसङ्गतिको तुलना शीर्षक अन्तर्गतका प्रमुख उद्देश्य निम्नानुसार रहेका छन् :

(क) लिम्वु र नेपाली भाषाको वाक्यगठन व्यवस्थाको परिचय दिनु ,

(ख) लिम्वु र नेपाली भाषाको वाक्यसङ्गतिको तुलना गर्नु,

(ग) लिम्वु र नेपाली भाषाका वाक्यसङ्गतिमा समानता र भिन्नता पत्ता लगाउनु ,

प्रस्तुत अध्ययन लिम्वु मातृभाषी वक्तासँग मात्र सीमित रहेको छ । लिम्वु मातृभाषी वक्ताहरुमा नेपाली भाषा दोस्रो भाषाका रुपमा बोलीचाली भएका मध्ये शिक्षित, अशिक्षित, वृद्ध, प्रौढ, किशोर, वालवालिका उमेर समूह नमूना छनौटमा परेका छन् । वाक्य तुलनाका संरचनागत र अर्थगत दुई आधार रहेका छन् भने वाक्यलाई व्याकरणात्मक कोटि लिङ्ग, वचन, पुरुष, आदर, काल, करण-अकरणको तुलनामा अध्ययन सीमित रहेको छ ।

लिम्वु र नेपाली भाषाका वाक्य निर्माण गरी दुवै भाषाका वाक्यको वर्णन, विश्लेषण र तुलना गरिएको छ । प्राथमिक र द्धितीयक स्रोतबाट सङ्कलित सामग्रीहरूलाई आधार मानी पुस्तकालयीय विधिको अवलम्वन गरिएको छ । यो परिमाणात्मक ढाँचामा आधारित छ । शोधलाई पाँच अध्यायमा विभक्त गरी प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनका लागि नमूना छनौटमा परेका शिक्षित, अशिक्षित, वृद्धवृद्धा, प्रौढ, किशोर किशोरी एवं वालवालिकाहरूको बोली र पुस्तकालय अध्ययनबाट प्राप्त तथ्यको व्याख्या एवं विश्लेषणको आधारमा निष्कर्ष र सुझावहरू प्रस्तुत गरी शोधकार्य सम्पन्न गरिएको छ ।

विषयसूची

पेज नं.

**अध्याय एक**

**परिचय**

अध्ययनको पृष्ठभूमि १

समस्याकथन २

अध्ययनको उद्देश्य ३

अध्ययनको औचित्य/महत्व ३

अध्ययनको परिसिमा (सिमाङ्कन) ३

विशेष पद (पारिभाषिक शब्दको परिभाषा) ४

**अध्याय - दुई**

**पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा**

पूर्वकार्यको समीक्षा ५

अध्ययनमा पूर्वकार्यको उपयोगिता ८

सैद्धान्तिक/अवधारणात्मक ढाँचा ८

**अध्याय - तीन**

**अध्ययन विधि**

अनुसन्धानात्मक ढाँचा (अध्ययनको प्रकृति र प्रकार) १०

जनसङ्ख्या तथा नमूना (अध्ययनको क्षेत्र) १०

नमूना छनौट विधि १०

तथ्याङ्क संङ्कलनका स्रोत ११

तथ्याङ्क सङ्कलनका साधन (उपकरण) ११

तथ्याङ्क सङ्कलन विधि (प्रक्रिया) ११

तथ्याङ्क विश्लेषण विधि १२

शोधपत्रको रूपरेखा १२


## अध्याय - चार

## व्याख्या तथा विश्लेषण

लिम्वु र नेपाली भाषाको सामान्य परिचय १३
वाक्यगठनको सैद्धान्तिक परिचय १४
वाक्य परिचय १५


## संरचनागत आधारमा वाक्यसङ्गतिको तुलना

सरल वाक्यको तुलना १६
मिश्र वाक्यको तुलना १६
सयुक्त वाक्यको तुलना १६
अर्थगत आधारमा वाक्यसङ्गतिको तुलना १८


## व्याकरणिक कोटिहरूका आधारमा वाक्यसङ्गतिको तुलना

लिङगत तुलना १९
वचनको तुलना २०
कालगत् तुलना २२
पुरूषको तुलना २३
आदरको तुलना २४
करण - अकरणको तुलना २५


## अध्याय - पाँच

## सांराश, निष्कर्ष, उपयोगिता तथा सुझाव

सांराश २७
निष्कर्ष २८

| | |
|---|---|
| उपयोगिता | २९ |
| सुझावहरू | ३० |
| भावी अनुसन्धान | ३१ |